कार्यमा वडाअध्यक्षहरु, कार्यपालिकाका सदस्य, कर्मचारी एवं पालिकाका प्रहरी कर्मचारी परिचालन गरी राहत वितरण प्रभावित व्यक्तिहरुको व्यवस्थापन लगायतका कार्यका लागि समन्वय, सहजिकरण र व्यवस्थित गर्ने।

१०. भोटेकोशी नदीमा आएको बाढीका कारण विस्थापित भएका व्यक्तिहरुका लागि अस्थायी/स्थायी पुनर्स्थापना गर्ने प्रयोजनका लागि सम्बन्धित पालिकाले जग्गाको पहिचान गर्ने र विस्थापितहरुको विवरण संकलन गरी तत्काल DDMC मा पेश गर्ने।

११. बाढी प्रभावितहरुको खोजी तथा उद्धार र राहत वितरणमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नेपाली सेनाको टोली तत्काल खटिई जिम्मेवारी वहन गरिरहेको र सो कार्यलाई थप प्रभावकारी बनाउने।

१२. बाढीबाट प्रभावित क्षेत्रहरूमा महामारी फैलिन नदिन र घाइतेहरूको उपचारका लागि जनस्वास्थ्य कार्यालय प्रमुखको नेतृत्व र निर्देशनमा प्रादेशिक अस्पताल तथा स्थानीय अस्पतालका स्वास्थ्यकर्मीले समन्वय गरी बाढी प्रभावित क्षेत्रमा तत्काल स्वास्थ्यकर्मीको टोली तथा औषधी सहितको मोबाइल स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिने ।

१३. विपद् पछिको सबै अवस्था तथा क्षतिको विवरण संकलन गर्न प्राविधिक/विशेषज्ञ/विज्ञ सहितको टोली खटाई पठाउन गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा अनुरोध गर्ने।

१४. पेशा, व्यापार, यात्रा आदिको क्रममा रसुवा तथा नुवाकोटमा रही बाढीबाट प्रभावित भएका बेजिल्लाका मानिसहरु समेत होल्डिङ सेन्टरमा रहेको हुँदा निजहरुलाई आ-आफ्नो गन्तव्यमा जान सहज हुने स्थान काठमाडौंसम्म पुर्‍याउने व्यवस्था काठमाण्डौ महानगरपालिकासँग समन्वय गरी जिल्ला समन्वय समिति र जिल्ला ट्राफिक प्रहरी कार्यालयले समन्वय गरी मिलाउने।

१५. प्रभावित स्थानीय तहमा तत्काल सडक संञ्जाल स्थापित गर्न अस्थायी तुइन निर्माण,बेलीब्रिज, ट्र्याक खोल्ने, सडक सरसफाई लगायतको कार्यलाई अझ तीव्रता दिन गृह मन्त्रालय र प्रदेश विपद व्यवस्थापन समिति समक्ष अनुरोध गर्ने। साथै, राहत वितरण तथा त्रिशुली नदी पारी आवतजावत गर्न तात्कालिक आवश्यकताको रुपमा जडान गर्न लागिएका तुइनको संख्या अपर्याप्त हुने देखिएकोले थप पाँच स्थानमा तुइन जडान गर्ने आवश्यक प्रवन्धको लागि सम्बन्धित निकायमा पूर्वाधार विकास कार्यालयले अनुरोध गर्ने।

१६. बाढिका कारण अवरुद्ध विदुर खानेपानी आयोजना तथा अन्य स्थानीय तहका खानेपानी पूर्वाधार पुनःस्थापन नहुंदासम्म खानेपानीको अस्थायी व्यवस्थापन गर्न विभिन्न साइजका पाइप, विद्युत लाइन पूर्ण भोल्टमा आपूर्ति नभएका कारण साना पम्पिङ प्रणाली तथा ठूलो क्षमताको जेनेरेटर मार्फत खानेपानीको तत्काल व्यवस्थापनको लागि संघीय तथा प्रदेश खानेपानी कार्यालय र काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडलाई संघीय खानेपानी कार्यालयले अनुरोध गर्ने।

१७. बाढी प्रभावितहरुको खोज, उद्धार र राहत वितरणको सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय एवम् स्थानीय तह र विषयगत निकायहरुले तत्काल गरेका प्रतिकार्य/रेस्पोन्स र सो अनुसारका सम्पादित कार्यहरुलाई अनुमोदन गर्ने।

१८. मनोसामाजिक परामर्शसँग सम्बन्धित संघसंस्थाहरुले जनस्वास्थ्य कार्यालय र आयुर्वेद तथा बैकल्पिक चिकित्सालयसँग समन्वय गरी परामर्शका लागि जिल्ला जनस्वास्थ्य कार्यालयले व्यवस्था मिलाउने।

१९. त्रिशुली नदी आसपास क्षेत्रमा ठुलो क्षती पुगेको र बस्तिका कयौ बासिन्दा घरवार विहिन भएकोमा त्यस्ता बाढी प्रभावितहरुलाई अस्थायी आश्रय स्थलको रुपमा विभिन्न स्थानमा संचालनमा ल्याईएको होल्डिङ सेन्टरको व्यवस्थापन गर्न सम्बन्धित होल्डिङ सेन्टर रहेको वडाका वडा अध्यक्षको संयोजकत्वमा सो वडाका वडा सदस्यहरु सदस्य रहने गरी होल्डिङ सेन्टर व्यवस्थापन समिति गठन गर्ने र सोको सुपरीवेक्षण सम्बन्धित स्थानीय तहका प्रमुख वा अध्यक्षले गर्ने साथै सम्बन्धित वडा सचिवलाई होल्डिङ सेन्टरको फोकल पर्सन तोक्ने। त्यस्ता होल्डिङ सेन्टर संचालनमा नेपाल रेडक्रस सोसाईटीको समन्वयमा विपद व्यवस्थापनका अन्य साझेदार संस्थाहरुले सहजीकरण गर्ने।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय नुवाकोट

शम्भु प्रसाद ...
प्रमुख जिल्ला अधिकारी

जिल्ला विपद व्यवस्थापन समिति, नुवाकोटको मिति २०८३ भाद्र १५ मा बसेको बैठकबाट भएका निर्णयहरू:

१. यहि मिति २०८३ भाद्र १० गते त्रिशुली नदीमा आएको भीषण बाढीका कारण जनधनको ठूलो क्षति हुन पुगेको घटनाप्रति दुःख व्यक्त गर्दै बाढीका कारण ज्यान गुमाउनुभएका मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरूका शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्ने,यस घटनामा परी घाइते हुनुभएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उहाँहरूको निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था मिलाउने।

२. विपदको आएको अवस्थामा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार र मातहतका सबै निकाय एव गैरसरकारी I/NGOs स्वतः सक्रिय हुने DPRP मा भएको प्रावधान अनुसार सबै निकायहरु एव जनप्रतिनिधिहरु तथा व्यक्तिगत रुपमा भैरहेको सहयोग समन्वय र सहजिकरणको कारण यति ठूलो विपद्को राहत र उद्धार लगायतका कार्य सन्तोषजनक रुपमा भएको र यसलाई अझ थप प्रभावकारी वनाउन सबै सयन्त्र अझ निरन्तर लाग्ने निर्णय गरियो ।

३. भोटेकोशीमा आएको वाढीको कारण विग्रिएका सडकहरु प्राथामिकताका साथ मर्मत गर्ने सन्दर्भमा यस बैठकमा प्राप्त सूझावहरु समेतलाई प्राथामिकता दिइ सडक एवं पूल निर्माण सम्बन्धीत निकाय डिभिजन सडक कार्यालय, गल्छी मैलुङ स्याफ्रुबेशी रसुवागढी सडक आयोजना, पुष्पलाल मध्यपहाडी लोकमार्ग तथा पूर्वाधार विकास कार्यालयहरुले तीव्रगतिमा काम गरी सडक सञ्चालन गर्ने निर्णय गरियो ।

४. यस बैठकमा त्रिशुली नदीमा आएको बाढीका कारण ज्यान गुमाएका व्यक्तिहरूको शव खोज, उद्धार तथा सुरक्षित स्थानमा संकलन गर्ने कार्य नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा स्थानीय स्वयंसेवकहरूको समन्वयमा निरन्तर जारी राख्ने। ती शवहरु व्यवस्थापन गर्ने क्रममा यस जिल्लाको केन्द्रिय कारागार क्षेत्रको वा अन्य उपयुक्त सामुदायिक वन, सार्वजनिक जग्गा लगायतका जग्गामा सुरक्षाकर्मीहरुले आवश्यक कानुनी प्रकिया पुऱ्याई शव व्यवस्थापन गर्ने र सो कार्यमा सबै जनप्रतिनिधि, राजनीतिक दल, स्थानीय सरकार एव सर्वसाधरण जनताहरुले समेत सहयोग समन्वय र सहजिकरण गर्ने निर्णय गरियो ।

५. एकद्वार प्रणाली अनुसार हाल वितरण भैरहैको राहतलाई अझ प्रभावकारी वनाउने सम्बन्धमा पालिका प्रमुखले आफ्ना वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी र पालिकाका प्रहरीलाई समेत तत्काल परिचालन गरी राहत जतिसक्दो छिटो वितरण गर्ने व्यवस्था मिलाउने र राजनीतिक मान्यता प्राप्त दलका प्रतिनिधिहरुले आ-आफ्ना प्रतिनिधि तत्काल खटाइ आवश्यक सहजिकरण समन्वय गरी राहत वितरणलाई तिव्रता दिने एव व्यवस्थित गर्न सहयोग गर्ने निर्णय गरियो ।

६. विदुर, बेलकोटगढी, किस्पाङ, तारकेश्वर लगायतका बाढि प्रभावित सबै पालिकाले आ-आफ्नो पालिकाभित्र भएको क्षतिको एकिकृत विवरण संकलन गर्ने साथै वडामा बसोवास गरेका बाढी प्रभावित व्यक्तिहरु र हराएका व्यक्तिहरुको पहिचान गरी नामावली सहितको विवरण यथाशिघ्र तयार गर्ने ।

७. बाढीका कारण हाल बन्द रहेका विद्यालयहरु संचालन गर्न सकिने अवस्था भएमा सम्बन्धित पालिकाहरुले नै कहिले संचालन गर्ने हो भनी निर्णय गरी संचालन गर्ने ।

८. सबै पालिकाहरुले आ-आफ्नो निकायमा रहेका साधन स्रोतको उच्चतम प्रयोग गरी बाढी प्रभावित क्षेत्रमा सडक, खानेपानी,स्वास्थ्य लागायतको क्षेत्रमा तिव्रताका साथ कार्य गर्ने ।

९. भोटेकोशी नदीमा आएको बाढीको कारण बाढी प्रभावित पालिकाहरुले स्थानिय विपद् व्यवस्थापन समिति मार्फत् यथाशिघ्र वस्ति, होल्डिङ सेन्टर, सडक लगायतका पूर्वाधार मर्मत, वडा वस्तीको विवरण संकलन लगायतका

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नुवाकोट

शम्भु प्रसाद रेग्मी
प्रमुख जिल्ला अधिकारी

२०. गल्छी-त्रिशुली राजमार्ग तथा त्रिशुली नदीका पुलहरूमा क्षति पुग्न गई यातायात अवरूद्ध भएकाले सडक डिभिजन, नुवाकोटले निम्न अनुसारका वैकल्पिक सडकहरू विशेष परिस्थितिमा मर्मत गरी सञ्चालन गर्ने र सो को बजेट व्यस्थापनका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय र राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्ने:

- त्रिशुलीदेखि बेत्रावतीसम्मको राजमार्ग क्षतिग्रस्त भएकाले रसुवा जिल्लामा यातायातको पहुँचको लागि ढिकुरे (मध्यपहाडी राजमार्ग), फेदी बेसी चोक, हिरामुनिटार, चोगते, बोरे भञ्याङ, सानो खोला (रसुवा) धनस्वारा,भोर्ले जिबजिबे बोगटीटार (पासाङ ल्यामु राजमार्ग)।
- देवीघाटस्थित क्षतिग्रस्त तादी खोला पुलको विकल्पको रूपमा पिपलटार (गल्छी त्रिशुली राजमार्ग),पासाङल्हामु राजमार्ग, धमले, निरञ्जना, बाघखोर, हर्रे, देउराली, कोल्पुटार (गल्छी त्रिशुली राजमार्ग)।
- त्रिशुली नदीका पुलहरूमा भएको क्षतिका कारण नुवाकोट जिल्लाको त्रिशुली पारीको भू-भागलाई यातायात सञ्जालले जोड्न गल्छी (गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुवेशी-रसुवागढी राजमार्ग), त्रिशुली पुल पारीबाट त्रिशुली नदीको दाँया किनार तर्फबाट कल्लेरीटार, कोशीखोला, पिमलटार, दर्शनटार, छत्रेखोला, गौरीबेसी, त्रिशुलीबजार।
- गल्छी मैलुङ स्याफ्रुबेशी सडकको त्रिशुली बजार बेत्रावती खण्डमा त्रिशुली नदिले कटान गरी सडक भत्केकोले राजमार्ग पुर्नस्थापना नभए सम्म सार्वजनिक सडक ऐन आसपासको जग्गा अस्थायी रुपमा प्रयोग गर्ने।
- बैकल्पिक सडक सुचारु राख्न आवश्यक ग्रावेल तादी खोला पुल सिन्दुरे दोभान र ढिकुरे तथा लिखु खोला पुल चौघडाको तल-माथि थुप्रिएको गेग्रान नदीको सतह परिवर्तन नहुने गरी सम्बन्धित स्थानीय तहले झिक्ने व्यवस्था मिलाउने।

२१. मिति २०८३ भाद्र ४ गतेको बाढीले पुष्पलाल मध्यपहाडी लोकमार्ग अन्तर्गत शिवपुरी गाउँपालिका वडा नं ५ स्थित खहरे खोलाको पुल र राउटे खोला कर्भटमा क्षती पुऱ्याई सडक अबरुद्ध भएकोले सडक संचालनको लागि सम्बन्धित आयोजनाले आवश्यक समन्वय गरी सडक सुचारु गर्ने कार्य भई रहेको र सो कार्य तीव्रता साथ गर्ने व्यवस्था मिलाउने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नुवाकोट

प्रमुख जिल्ला अधिकारी